**Voice : A Biannual & Bilingual Journal**
*2023 August, Vol : 15, No. 1, pp.92-98*

# छिमेकी कथाको समाजशास्त्रीय अध्ययन

प्रदीपप्रसाद ज्ञवाली[1]

Article History: Received: June 18, 2023 Reviewed : July 19, 2023 Accepted: August 7, 2023

**लेखसार**

प्रस्तुत अनुसन्धानात्मक लेखमा गुरुप्रसाद मैनालीको छिमेकी कथालाई पाठका रुपमा लिई समाजशास्त्रीय विश्लेषण गरेर उक्त कथामा रहेको अर्थ निर्क्योल गरिएको छ । यस कथामा रहेका प्रजाति, क्षण र पर्यावरण सम्बन्धी विभिन्न पक्षहरू पहिल्याउनु यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ । यस लेखमा साहित्यको समाजशास्त्रका पिता एवं फ्रान्सेली समालोचक हिपोलाइट अडोल्फ टेनको प्रजाति, क्षण र पर्यावरण सम्बन्धी आधारभूत मान्यतालाई सैद्धान्तिक आधारका रुपमा लिई पाठगत विश्लेषण गरिएको छ । यस कथामा ब्राह्मण, भोटे, घर्ती, नेवार जस्ता विभिन्न प्रजातिका पात्रहरूको उपस्थिति रहेको देखिन्छ । लेखकले यस कथामा धर्मानन्द जस्ता खसआर्य प्रजातिका ब्राह्मणलाई पात्रका रुपमा उभ्याएर तिनका स्वभाव, वंशाणुगत गुण तथा भाषिक विशेषताको चित्रण गरेको पाइन्छ । यस कथामा क्षणका रुपमा असार महिनादेखि भदौका आधाआधीसम्मका घटनाहरूको वर्णन गरिएको छ भने दिउँसो को टन्टलापुर घाम, ज्यामिरे बेँसीको फाँट, रोपाइँ चलिरहेको अवस्था, चौतारो, कुलो, कुलोमुनि आसामरु साहूको हिउँदे पसल, रमाइलो ठाउँ, साँझ परेपछि, मिर्मिरे उज्यालो जस्ता समय जनाउने पदपदावलीको प्रयोग गरेर एउटा बृहत् प्राकृतिक परिवेशको निर्माण गरिएको पाइन्छ । यसमा ग्रामीण परिवेशको चित्रण प्रचुर मात्रामा भएको पाइन्छ । भौगोलिक संरचना तथा प्राकृतिक स्थिति प्रतिकूल हुनाका कारण यस कथामा मानिसका दुख, कष्ट र पीडाको चित्रण गरिएको पाइन्छ साथै यस कथामा पर्यावरणका रुपमा वर्गीय विविधतायुक्त सामाजिक परिवेश रहेको छ भन्ने कुरालाई सशक्त रूपमा चित्रण गरिएको छ ।

**शब्दकुञ्जी :** ग्रामीण, प्रजाति, पर्यावरण, वंशाणुगत गुण, विविधतायुक्त ।

[1]उपप्राध्यापक, भित्रुवन विश्वविद्यालय, बुटवल बहुमुखी, क्याम्पस, बुटवल
इमेल : gyawalipradip98@gmail.com

ISSN : 2091-2161
©The Author(s)

Published by Autar Dei Chaudharain Research Centre (ADCRC), Mahendra Multiple Campus, Nepalgunj, Banke
The open access article is distributed under a Creative Common Attribution (CC BY-NC 4.0) licence.

**विषय परिचय**

छिमेकी गुरुप्रसाद मैनालीद्वारा लेखिएको कथा हो । उनका विभिन्न काल खण्डमा लेखिएका जम्मा एघार ओटा कथाहरू नासो कथासङ्ग्रह (२०२६) मा सङ्गृहीत छन् । उनी सामाजिक यथार्थवादी कथाकार हुन् । पेसाले सरकारी जागिरे रहेका मैनालीले कथामा समाजिक सन्दर्भलाई मुख्य विषय बनाएर प्रस्तुत गरेको पाइन्छ । उनको कथा लेखन यथार्थवादको पृष्ठभूमिमा आदर्शवादसम्म पुगेको देखिन्छ । मान्छे सामाजिक प्राणी हो । समाज भनेको विवाद र सहमति यात्रा हो भन्ने सामाजिक विषय यस कथामा व्यक्त भएको छ । छिमेकी उनका यस्तै कथाहरूमध्ये एउटा प्रमुख कथा हो । समाजशास्त्रीय अध्ययनका विभिन्न नमुनाहरू र आधारहरू विकास भएका छन् तर प्रस्तुत अध्ययनमा साहित्यको समाजशास्त्रीय व्याख्याता हिपोलाइट अडोल्फ टेनको प्रजाति , क्षण र परिवेशलाई आधार बनाई त्यसै दृष्टिकोणबाट प्रस्तुत कथाको अध्ययन गरिएको छ । यहाँ टेनको उपर्युक्त मान्यतालाई मात्र मूल आधार बनाएर गुरुप्रसाद मैनालीका कथाहरूमध्ये छिमेकी कथामा मात्र केन्द्रित रहेर अध्ययन गर्ने मुख्य उद्देश्य राखिएको छ ।

**अध्ययन विधि**

यस अध्ययनको विषय गुणात्मक प्रकृतिको रहेको छ । यस अध्ययनमा प्राथमिक तथा द्वितीयक सामग्री सङ्कलनका निमित्त पुस्तकालयीय कार्य गरिएको छ भने सङ्कलित सामग्रीको विश्लेषण गरी निष्कर्ष निकाल्ने क्रममा व्याख्यात्मक एवम् विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ ।

**सैद्धान्तिक पर्याधार**

हिपोलाइट अडोल्फ टेन (सन् १८२८ – १८९३) साहित्यको समाजशास्त्रका पिता मानिन्छन् । उनी फ्रान्सेली समालोचक, इतिहासकार एवम् चिन्तक थिए । उनी साहित्यिक इतिहासवादका प्रवर्तक पनि हुन् । उनी साहित्यको समाजशास्त्रमा रहेका विधेयवादी, मीमांसावादी र मार्क्सवादी धारामध्ये विधेयवादी हुन् । टेनले जुन समयमा साहित्य र कलामाथि विचार आरम्भ गरे त्यो समयको युरोप प्रकृति विज्ञानको विकासमा केन्द्रित थियो । उनले हिस्ट्री अफ इङ्लिस लिटरेचर (सन् १९०६) भन्ने पुस्तकमा  साहित्यिक कृति कुनै एक व्यक्तिको कल्पना क्रिडा नभएर समकालीन रीतिरिवाजको पुनर्लेखन हो भन्ने कुरा लेखेका छन् । उक्त पुस्तकमा उनले “कुनै पनि साहित्यिक कृति न त एक व्यक्तिको कल्पनाको क्रिडा हो न कुनै उत्तेजित मनको भड्केको तरङ्ग । यो त समकालीन रीतिरिवाजको पुनर्लेखन र एक विशिष्ट किसिमको मानसको अभिव्यक्ति हो । उक्त पुस्तकमा व्यक्ति बाँचेको युगको अभिव्यक्ति र व्यक्ति आफू सम्बद्ध रहेका जातिको अभिव्यक्ति अन्तर्भुक्त रहेको हुन्छ (शर्मा र लुइटेल, २०६७, पृ.१२८) । हामी महान् रचनाबाट कुन समय र समाजको मान्छे कसरी सोच्छ र अनुभव गर्छ भन्ने कुरा थाहा पाउँछौँ” भन्ने उल्लेख गरेका छन् । यसबाट साहित्य कुनै भावावेगको क्षणको एक्लो अनुभूति नभएर समय र समाजको अनुभवको प्रस्तुति हो भन्ने बुझिन्छ । उनले उपर्युक्त पुस्तकमा प्रजाति , क्षण र परिवेशको त्रिसूत्रीय सिद्धान्त स्थापना गरेका छन् । उनले जाति, क्षण र पर्यावरणलाई साहित्यको अध्ययन गर्ने समाजशास्त्रीय आधार बनाएका छन् (ढकाल, २०७९, पृ. ३००) उनको यो सिद्धान्त साहित्यको समाजशास्त्रीय चिन्तनका क्षेत्रमा एउटा महत्वपूर्ण सिद्धान्त मानिन्छ । उनले साहित्यको समाजशास्त्रीय अध्ययनका आधारका रुपमा प्रजाति, क्षण र परिवेशलाई अगाडि सारेका छन् ।

**प्रजाति**

साहित्यको समाजशास्त्रीय अध्ययनका संस्थापक हिपोलाइट टेनले साहित्यको अध्ययनका लागि प्रजातिको अवधारणा स्थापित गरेका छन् । यो उन्नाइसौँ सताब्दीमा अत्याधिक प्रचलित र व्यापक रुपमा प्रयोग भएको शब्द हो ( जैन, सन् १९९२, पृ.२३ ) । प्रजाति टेनले स्थापित गरेका तीन ओटा सिद्धान्त मध्ये एउटा महत्वपूर्ण सिद्धान्त हो । उनले यस सिद्धान्तलाई अत्यन्त महत्व दिएका छन् । यस अन्तर्गत व्यक्तिको सहज तथा आनुवंशिक गुण, मानसिक तथा शारीरिक बनावट, वेशभूषा , भाषा, वर्ण, खाद्य संस्कृति, जलवायु र इतिहासको गौरवलाई महत्व दिएका छन् । आनुवंशिक गुण भन्नाले एउटा प्रजातिमा सदियौँदेखि रहँदै आएको गुण वा विशेषता भन्ने बुझिन्छ । आमा र बाबु दुवैका गुणहरूले गर्दा प्रजातिमा विशेष गुणहरू देखिन्छन् । जस्तैः कालो कपाल, कालो वा गोरो वर्ण, निला आँखा , खैरा आाखा, होचो वा अग्लो शरीर आदि । टेनले कुनै प्रजातिको चारित्रिक विशेषता जलवायु, माटो तथा इतिहासको महत्वपूर्ण घटनाको उपजका रुपमा रहन्छ भन्ने विचार व्यक्त गरेका छन् (पाण्डेय, सन् २००६, पृ. १२४) । साहित्यमा लेखकले प्रजातिगत आधारमा आफ्नो प्रजातिगत गुणका साथै समाजमा रहेका अरु प्रजातिका गुण र विशेषताहरूको पनि वर्णन गरेको हुन्छ ।

टेन चाल्स डार्विनको विकासवादी सिद्धान्तबाट प्रभावित देखिन्छन् । डार्विनका अनुसार विषम परिस्थितिमा कुनै प्राणीले विषम परिस्थितिको सामना गर्न सक्षम हुन्छन् र कुनै हुँदैनन् । जुन प्राणीले विषम परिस्थितिमा नछन् भने जसले अनुकूलित बनाउँदै जान्छन्, ती मात्र बाँच्दछन् । यसरी प्रकृतिको अनुकूल बनाउँदा प्राणीको वंशमा नयाँ गुणको प्रभाव त्यसको कारणले गर्दा नयाँ प्रजातिको उत्पत्ति हुन्छ र त्यहीँ पछि गएर त्यसको प्रवर्तक हुन्छ । यसै गरी वातावरणको प्रभावमा पनि विभिन्न प्रजातिको चरित्र निर्माण हुन्छ । साहित्यकारले कृतिमा आफ्नो जातिगत विशेषता प्रस्तुत गरेका हुन्छन् । उनका विचारमा सम्पूर्ण साहित्यको लक्ष्य मानव जाति तथा जातजातिका बारेमा जान्नु हो । प्रजातिगत छापबाट प्रतिभा र साहित्यकारहरूको जन्म समाजमा हुन्छ र उनीहरूले साहित्यमा आफ्नो प्रजातिगत विशेषताहरूको अभिव्यक्ति गरेका हुन्छन् । कुनै पनि सहित्यिक कृति कुनै समयका जातिहरूको बिम्ब तथा आवरण सरह हुन्छ ( पाण्डेय, सन् २००६, पृ. १२६ ) । जसरी जीवहरूको अवशेष र आवरणबाट पुराना प्राणीको अध्ययन गर्न सकिन्छ त्यसरी नै प्रजातिको अध्ययन कृतिको अध्ययनबाट हुन्छ । प्राचीन अवशेष र पुस्तक दुवै निर्जीव वस्तु हुन् तर यिनीहरूको अध्ययनबाट कुनै समयका जीवित मानव अस्तित्वको अध्ययन हुन सक्छ ।

समाजमा थरिथरिका जातिहरू रहेका हुन्छन् । लेखकले आफ्ना कृतिहरूमा तिनीहरूका प्रजातिगत छापहरू छोडेको हुन्छ र साहित्यमा व्यक्त हुने चेतनाले उसको प्रजातिगत गुणलाई संकेत गरेको हुन्छ । साहित्यमा उसले प्रजातिगत आधारमा आफ्नो प्रजातिको अवस्था , चेतना र शिक्षा जस्ता कुराहरूको चित्रण गरेको हुन्छ । उसले आफ्नो प्रजातिगत गुणका साथै समाजमा रहेका अरु प्रजातिका गुण र विशेषताहरूको पनि वर्णन गरेको हुन्छ । यसरी टेनले प्रजातिलाई साहित्यको समाजशास्त्रीय अध्ययनका निम्ति एउटा मुख्य विषयका रुपमा लिएको देखिन्छ ।

**क्षण**

टेनले क्षणलाई पनि साहित्यको समाजशास्त्रीय अध्ययनको महत्वपूर्ण आधार बनाएका छन् । उनले क्षण अथवा युगका रुपमा एउटा बृहत् समयलाई मानेका छन् । साहित्यमा साहित्यकारले भोगेको समाज हुने भएकाले साहित्यिक कृतिमा त्यस युग तथा समयका मान्छेको अवस्थितिका बारेमा सूचना प्राप्त गर्न सकिन्छ । लेखक तथा कलाकार आफ्नो युगप्रति सचेत हुने भएकाले कृतिमा व्यक्त गरेको युगको प्रभाव चिर स्मरणीय क्षणको रुपमा रहेको हुन्छ । उनले यसलाई समय, युग विशेष र युग चेतनाका रुपमा प्रयोग गरेका छन् । एउटा युगमा कुनै प्रधान विचार रहन्छ भन्ने टेनको मान्यता रहेको छ । यसको एउटा बौद्धिक साँचो हुन्छ, जसले समाजको चिन्तनलाई प्रभावित गर्दछ । हरेक युगमा मानिसको एउटा परिकल्पना वा विचार हुन्छ । मानिसको त्यस परिकल्पनाले आदर्शको रुप धारण गर्छ (पाण्डेय, सन् २००६, पृ. १२७ ) । युगको प्रधान विचारको प्रसार जीवनका सबै क्षेत्रमा हुन्छ, व्यवहार र चिन्तनमा हुन्छ । कुनै युगमा कुनै विचार प्रधान हुने र अर्को युगमा अर्कै विचार प्रधान हुने भएकाले सबै कालखण्डमा पनि एकै प्रकारको मान्यता रहिरहन सक्दैन । त्यसकारण साहित्यकार बाँचेको युगमा सामाजिक समस्या, सामाजिक मूल्य मान्यता र विश्वास पहिचान गर्नका लागि साहित्यमा क्षणको खोजी गरिन्छ ।

टेनले युग प्रधान विचारलाई विचारधारा त भनेका छैनन् तर उनको व्याख्याअनुसार यो विचारधाराको नजिक छ । टेनले युगको धारणामा संस्कृति र साहित्यको परम्पराको धारणालाई पनि समावेश गरेका छन् । यसमा साहित्यको प्रचलन र समसामयिकता, राष्ट्रिय प्रतिभा तथा समसामयिक सामाजिक सन्दर्भका बिचको सम्बन्धबाट संस्कृति, कला र साहित्यको उन्नयन प्रक्रियातर्फ सङ्केत गरेको देखिन्छ । जुन लेखकले आफ्नो राष्ट्र र युगको समग्र जीवन पद्धतिको भावनालाई समेट्न सक्दछ, त्यो लेखक त्यस देश र समयको केन्द्रबिन्दु हो । (पाण्डेय, सन् २००६, पृ. १२८) । साहित्यमा साहित्य रचना हुँदाका युगीन प्रतिबिम्बहरू पाइन्छन् । साहित्यमा घटित घटनाहरूको विश्लेषणबाट साहित्य रचना र साहित्यकारको युग थाहा पाउन सकिन्छ । लेखकको रचनाले आफ्नो युगलाई मात्र समेटेको हुँदैन, त्यसले त पछिसम्मको युगलाई आफूमा समेट्न सक्ने क्षमता राख्दछ । त्यस कारण कुनै पनि कालखण्ड, युग वा समयमा कुन विचार प्रधान भनेर पहिचान गर्नका लागि पनि साहित्य रचनाको युग वा क्षणलाई समाजशास्त्रीय अध्ययनमा साहित्य अध्ययनको आधार मानिएको हो ।

**पर्यावरण**

साहित्यको समाजशास्त्रीय अध्ययनमा प्रजाति र क्षणलाई झैँ पर्यावरणलाई पनि प्रमुख आधार मानिएको छ । पर्यावरणलाई परिवेश वा वातावरण पनि भन्ने गरिन्छ । पर्यावरण भनेको सामाजिक परिवेश, भौगोलिक परिवेश तथा जलवायुगत परिवेशको समष्टिगत रूप हो । समाजमा मान्छे एक्लो हुँदैन बरु ऊ प्रकृति तथा

सामाजिक वातावरणद्वारा चौतर्फी घेराबन्दीमा रहेको हुन्छ (क्षेत्री, २०६४, पृ. २४) । टेनको मान्यता बमोजिम प्राकृतिक परिवेश प्रमुख हो र त्यसभित्र सामाजिक परिवेश समेटिएको हुन्छ । दुनियामा मान्छे एक्लो हुन्न । उसको सबैतिर प्राकृतिक वातावरण एवम् समाज हुन्छ । मानिसको आदिम प्रवृत्ति तथा प्रजातिगत विशेषता तथा मानिस आफ्नो वरिपरिको समग्र परिस्थिति, घटना आदिबाट ऊ प्रभावित हुन्छ भन्ने टेनको कथन रहे को छ । उनले मानवको स्वभाव र भौगोलिक परिवेशका बिच कार्यकारण सम्बन्ध विकास गर्ने प्रयत्न गरेका छन् र त्यसैका आधारमा साहित्यको विशेषताको व्याख्या गरेका छन् । सोही स्वभाव अनुसारको प्रभाव संस्कृति, कला तथा साहित्यमा परेको हुन्छ (पाण्डेय, सन् २००६, पृ. १२५) । उनले अङ्ग्रेजी साहित्यको इतिहास भन्ने पुस्तकमा प्राकृतिक परिवेश र साहित्यिक विशेषताका बिच सम्बन्धको खोजी गरेका छन् । उनले परिवेश अन्तर्गत हावापानी तथा भूगोललाई महत्व दिँदै साहित्यको गहन अध्ययनमा सामाजिक र राजनैतिक परिवेशलाई पनि महत्व दिएका छन् । त्यसैले लेखक रहेको प्राकृतिक र समाजिक वातावरणको समष्टिगत प्रभाव  जीवन्त रूपमा साहित्यमा पनि पर्दछ ।

यसरी भौगोलिक संरचना र वातावरणले साहित्य सिर्जनामा महत्वपूर्ण प्रभाव पारेको हुन्छ । टेनले यस कुरालाई पुष्टि गर्न युनान तथा रोमको विशिष्ट प्राकृतिक वातावरणका कारणले त्यहाँका बासिन्दाको स्वभाव निर्माण भएको छ र त्यही स्वभावको अभिव्यक्ति त्यहाँको संस्कृति, कला तथा साहित्यमा अभिव्यक्त भएको छ भन्ने दृष्टान्त प्रस्तुत गरेका छन् । त्यसैले साहित्यकारले आफ्नो साहित्यिक कृतिमा कस्तो सामाजिक, भौगोलिक एवम् सांस्कृतिक परिवेशलाई कसरी अभिव्यक्त गरेको छ भन्ने कुरा साहित्यको विश्लेषणमा हेरिनु पर्छ भन्ने मान्यता हिपोलाइट टेनको रहेको देखिन्छ ।

**छिमेकी कथामा प्रजाति**

छिमेकी सामाजिक यथार्थको आलोकमा आदर्शवादी विचारधाराले अभिप्रेरित कथा हो । यस कथामा छिमेकीहरू एकआपसमा मिलेर बस्नुपर्छ । एउटालाई दुःख पर्दा अर्कोले सहयोग गर्नुपर्छ । छिमेकी भनेका जिउँदाका जन्ती र मर्दाका मलामी हुन् भन्ने आदर्शवादी सामाजिक भावना व्यक्त भएको छ । यस कथामा गुमाने घर्ती र धनजिते भोटे प्रमुख पात्रका रुपमा, धर्मानन्द पाध्ये र आसामरु साहू सहायक पात्रका रुपमा र गुमानेकी स्वास्नी, धनजितेकी स्वास्नी, आरुघाटे नेवार, जान्ने, सबै मानिस आदि पात्रहरू गौण पात्रका रुपमा आएका छन् । हिपोलाइट टेनको प्रजातिगत आधारमा हेर्दा यी मध्ये धर्मानन्द पाध्ये खसआर्य मूलका ब्राह्मण जातिका मानिस हुन् भने धनजिते, उसकी श्रीमती, गुमाने, उसकी श्रीमती, आसामरु साहू मङ्गोलअन्तर्गत पर्ने क्रमशः भोटे, घर्ती र नेवार जातिका मानिसहरू हुन् । पेसागत रुपमा धर्मानन्द वीर सिक्का पढ्ने, चौतारामा बसेर गफ गर्ने, अरुलाई लडाएर तमासा हेर्ने गर्छन् भने धनजिते, गुमाने लगायतका मानिस किसान हुन र आसामरु साहू चाहिँ व्यापारी हुन् । उनीहरूका आफ्ना जातिअनुसार आआफ्नै किसिमका वेषभूषा, वर्ण, खाद्यसंस्कृति र शारीरिक संरचना हुन सक्छन् तर यस कथामा त्यसको कुनै स्पष्ट सङ्केत देखिन्न तर उनीहरूका वंशाणुगत एवम् भाषागत विशेषताहरूको स्पष्ट सङ्केत पाइन्छ । प्रस्तुत कथामा प्रमुख पात्रको रुपमा आएका धनजिते भोटे र गुमाने घर्तीजस्ता जनजाति मूलका पात्रहरू सोझासाधा हुन्छन् भन्ने कुरा निम्न लिखित प्रसङ्गबाट स्पष्ट हुन्छ : यी सरल किसानहरूलाई धनका निमित्त तँछाड र मछाड भन्दै घचेटाघचेट गरेर अरूलाई उछिनी दगुर्न खोज्ने यो सभ्यता भनूँ या अज्ञानता भनूँ, यस भयङ्कर रोगले तिलभर पनि छोएको थिएन (मैनाली, २०७६, पृ.१२) । यस साक्ष्यबाट धनजिते र गुमाने जस्ता किसानहरू अत्यन्तै सरल हुन्छन् । उनीहरू धनको निमित्त तँछाड मछाड गर्दै घचेटाघचेट गर्दैनन् । उनीहरू धेरै महत्वाकांक्षी पनि हुँदैनन् भन्ने कुरा बुझ्न सकिन्छ । उनीहरूमा वंशाणुगत र वातावरणीय प्रभावका कारणले यस्ता स्वभावगत विशेषताहरू देखा पर्ने गरेको स्पष्ट हुन्छ ।

अर्कातिर खसआर्य मूलका ब्राह्मण जातिका धर्मानन्द पाध्येमा एक किसिमको अहङ्कार देखिन्छ । उनमा समाजभड्वा चरित्र देखिन्छ । उनी पढेलेखेको छु भन्ने घमन्ड गर्ने व्यक्ति हुन् भन्ने सङ्केत निम्न लिखित प्रसङ्गबाट बुझिन्छ :"धर्मानन्द पाध्ये अलि ठटेउला किसिमका मानिस थिए, वीरसिक्का पढ्थे, गाउँको बुज्रुक हुँ भन्ने घमन्ड गर्थे, मानिसलाई लडाएर तमासा हेर्ने उनको स्वभाव थियो (मैनाली, २०७६, पृ.१२) ।" यस साक्ष्यबाट के बुझिन्छ भने धर्मानन्दमा रहेको म गाउँको पढेलेखेको र सबैभन्दा जानेबुझेको म नै हुँ भन्ने र अरुलाई हेय ठान्ने अहंभावना कुनै न कुनै रुपमा वंशाणुगत गुण एवम् वातावरणीय प्रभावकै कारणले  उत्पन्न भएको हो । उनको यो स्वभावका कारणले समाजका सोझासाझा मानिसले दुःख पाइरहेका छन् भन्ने कुरा यस कथाबाट प्रस्ट हुन्छ ।

एक किसिमको अहङ्कार यस कथाको अर्को पात्र आसामरु साहूमा पनि देखिन्छ । यसको पुष्टिका लागि तलको कथांशलाई हेर्न सकिन्छ :इस् छिमेकी ! अस्टि चौटारामा झन्नैले मारेठ्यो ठा पाउलास् (मैनाली, २०७६, पृ.१५) । यस कथाको अर्को पात्र आसामरुमा पनि धनको घमन्ड छ भन्ने माथिको साक्ष्यले पुष्टि गर्छ । उसमा घमन्ड मात्र होइन मानवताको भावना पनि छैन किनभने छिमेकी धनजिते बिरामी पर्दा धनको घमन्ड देखाएर उसको सेवा गरेर बसे को गुमानेलाई पैसाको लोभ देखाएर भड्काउने कोसिस गर्छ । उसमा पनि कुनै न कुनै रुपमा वंशाणुगत गुण एवम् वातावरणीय प्रभावकै कारणले यस्तो भावना उत्पन्न भएको देखिन्छ ।

प्रस्तुत कथामा कथाकार प्रजातिगत अभिलक्षण जनाउँने भाषागत विशेषता उतार्न सफल भएको देखिन्छ । उनले यस कथामा पात्रअनुकूलको स्वाभाविक भाषा प्रयोग गरेका छन् । जस्तै :“पसलमा बर्खे मालटाल छैन डुबै डिनलाई सहर जाइडिन्ठिस् कि” (मैनाली, २०७६, पृ.१५) ? यस वाक्यमा स्पष्ट रुपमा नेवारी भाषाको लवजको सङ्केत पाइन्छ । यहाँ नेपाली भाषाको प्रयोग भए तापनि त्यसमा नेवारी भाषाको लवजले प्रभाव पारेको देखिन्छ । यस किसिमको भाषिक प्रयोगले आसामरु साहू नेवार समुदायको मानिस हो भन्ने पुष्टि हुन्छ । यसरी टेनले प्रजातिअन्तर्गत व्यक्तिको सहज तथा आनुवंशिक गुण, मानसिक तथा शारीरिक बनावट वेशभूषा , भाषा, वर्ण, खाद्य संस्कृति, जलवायु र इतिहासको गौरवलाई महत्व दिए जस्तै यस कथामा पनि प्रजातिगत अभिलक्षणहरू मध्ये भाषिक एवम् आनुवंशिक विशेषताहरू स्पष्ट रुपमा प्रस्तुत भएको देखिन्छ भने झैँ आसामरु साहू नेवार जाति भएको र उसले व्यापार व्यावसाय गरेर पैसा कमाएको हुनाले उसमा मानवता भन्दा पनि धनको घमन्ड बढी भएको पाइन्छ ।

**छिमेकी कथामा क्षण**

छमेकी गुरुप्रसाद मैनालीद्वारा नेपालमा वि.स. २००७ सालमा प्रजातन्त्रको उदयपश्चात् लेखिएको र वि.स.२०२६ सालमा नासो कथासङ्ग्रहमा प्रकाशित कथा हो । यस कथाभित्र त्यस युगको अन्धविश्वास, सामाजिक व्यवहार र मानवीय आदर्श प्रस्तुत भएको पाइन्छ । यस कथामा नेपाली समाजको स्वरूपभित्र बिगार्ने र बनाउने दुवैखाले मानिसहरू अटाउँछन् भन्ने कुरा समेटिएको छ । कथामा एउटै समाजमा करेसाबारी जोडिएर बसेका छिमे कीहरूको कथाव्यथालाई प्रस्तुत गरिएको छ । तत्कालीन समयमा नेपालमा भर्खर प्रजातन्त्रको उदय भए तापनि समाजमा विद्यमान आर्थिक असमानता, गरिबी, अशिक्षा, शोषण, अन्याय र अत्याचार अन्त्य भएको थिएन । यस कथामा त्यस क्षणको युगीन यथार्थलाई जीवन्त रूपमा उतारिएको पाइन्छ । त्यस क्षणमा नेपालको शैक्षिक अवस्था अत्यन्तै कमजोर थियो । सामान्य जनताका छोराछोरीका लागि पढ्नेलेख्ने कुरा कल्पनाको विषय थियो । सीमित व्यक्तिहरूको मात्र शिक्षामा पहुँच थियो । राजनैतिक रूपमा शोषण, दमन, अन्याय, अत्याचार, मानवता विरोधी भावना, आर्थिक असमानता, रुढीवादी परम्परा जस्ता कुराहरु तत्कालीन नेपाली समाजमा व्याप्त थिए । आसामरु साहू र धर्मानन्द पाध्ये जस्ता पात्रहरू आर्थिक रुपमा सन्पन्न थिए भने मुमाने घर्ती र धनजिते भोटेजस्ता पात्रहरू आर्थिक रुपमा विपन्न थिए । त्यसैले उनीहरू सम्पन्न वर्गको शोषण, दमन र अमानवीय व्यवहार सहन बाध्य थिए भन्ने यथार्थ यस कथामा व्यक्त भएको पाइन्छ । यस कुरालाई तलको प्रसङ्गले पुष्टि गर्छ : धर्मानन्दलाई लडाउने मौका पऱ्यो । सुर्तीको लुँडो निमोठ्दै भने– “कस्तो मिचाहा भोटे रहेछ, बिहानभरि जोतेका भोका गोरुलाई आफै कुट्छ, अझ उही चोर र सोर उड्कन्छ” (मैनाली, २०७६, पृ.१३) । यस साक्ष्यबाट तत्कालीन युगमा नेपाली समाजमा धर्मानन्द जस्ता ठुलाबडा मानिसले गुमाने र धनजिते जस्ता सोझा गरिब किसानलाई लडाएर मनोरन्जन लिने गर्दथे अर्थात तत्कालीन परिस्थितिमा गरिब एवम् सामान्य किसानहरू हासोका विषय बन्थे र उनीहरूमा त्यस्तो दुर्व्यवहारको प्रतिरोध गर्ने सामर्थ्य चेतना हुदैनथ्यो भन्ने कुरा स्पष्ट हुन्छ ।

कुनै पनि कालखण्ड, युग वा समयमा कुन विचार प्रधान छ भनेर पहिचान गर्नका लागि छ भनेर साहित्य रचनाको युगलाई अध्ययनको आधार मानिए झैँ यस कथामा तत्कालीन नेपाली समाजमा पैसालाई भन्दा मानवीय कर्तव्यलाई महत्व दिइन्थ्यो भन्ने कुरा निम्नलिखित कथांशले सङ्केत गर्छ :

> “के रुपियाँको लोभ देखाउँछौ साहू, गरिब छु निमेक मजुरीले छाक टार्नुपर्छ तापनि पैसाको निम्ति आत्मा बेच्ने त्यति सारो निच भएको छैन । छिमेकीलाई जिउँदाको जन्ती मर्दाको मलामी भन्छन् । यस्ता बेलामा चटक्क छोडेर भारी खेप्न हिँडे मर्दैन ? तिमी त ठमठमती छौ र रुपियाँको धाक देखाउँछौ, धनजितेका झैँ चार दिन अन्न न पानी भएर लड्नु परे थाहा पाउने थियौ ।” (मैनाली, २०७६, पृ.१५)

उपर्युक्त कथांशमा कथाकारले तत्कालीन युगको प्रधान विचारलाई प्रस्तुत गरेका छन् । तत्कालीन समाजमा छिमेकीलाई धेरै महत्व दिइन्थ्यो र एउटा छिमेकीलाई दुःख पर्दा अर्को छिमेकीले पैसाभन्दा पनि छिमेकीको दायित्व र कर्तव्यलाई भुल्नु हुदैन भन्ने मान्यता राखिन्थ्यो । यस प्रसङ्गबाट छिमेकी भनेका सुखदुःखका साथी हुन्, जस्तोसुकै झगडा भए पनि पैसाको पछि लागेर छिमेकीले आफ्नो दायित्वलाई भुल्नु हुदैन भन्ने महान् मानवतावादी विचारले पैसा भन्दा मानवीय सहयोग महत्वपूर्ण कुरा हो भन्ने पुष्टि हुन्छ ।

यस कथामा क्षणअन्तर्गत पर्ने समयलाई जनाउने धेरै प्रसङ्गहरू उल्लेख भएका पाइन्छन् । कथामा घटना घटेको समय असारको महिनादेखि भदौ महिनाको आधाआधीसम्म रहेको छ । त्यस्तै दिउँसोको टन्टलापुर घाम, साँझ, मिर्मिरे उज्यालो, अस्ति जस्ता स्पष्ट रुपमा समयलाई जनाउँने शब्दहरू पनि प्रयोग भएको पाइन्छ । यसरी टेनले भने झैं प्रस्तुत कथा रचना हुँदाका युगीन प्रतिबिम्बहरू यसमा पाइन्छन् । यस कथामा घटित घटनाहरूको विश्लेषण बाट तत्कालीन युगका बारेमा जानकारी प्राप्त गर्न सकिन्छ ।

**छिमेकी कथामा पर्यावरण**

छिमेकी कथा ग्रामीण परिवेशलाई आधार बनाएर लेखिएको कथा हो । यो नेपालको पहाडी भूभागमा बसोबास गर्ने गरिब किसानहरूको जीवनपद्धतिको प्रतिनिधित्व गर्ने यथार्थपरक कथा हो । यस कथाका सबै परिवेशहरू पहाडी ग्रामीण प्रकृतिका छन् । यस कथामा आएका पात्र र परिस्थितिलाई हेर्दा नेपाली निम्न वर्गीय ग्रामीण जनजीवनको चित्रण गरिएको देखिन्छ । टेनले परिवेशअन्तर्गत प्राकृतिक परिवेशलाई बढी महत्व दिएका छन् । यस कथामा पनि ज्यामिरे बेँसीको फाँट, दिउँसोको टन्टलापुर घाम, कुलोमाथि चौतारो, कुलामुनि आसामरु साहूको हिउँदे पसल, निकै रमाइलो ठाउँ, पसलको डिल, धुलिखेल, काउले भन्ज्याङ जस्ता प्राकृतिक परिवेशको चित्रण गरिएको छ । कथाकार गुरुप्रसाद मैनालीले हिपोलाइट टेनको मान्यतालाई आत्मसात् गरी प्राकृतिक परिवेशको चित्रणमा जोड दिएको पाइन्छ । कथाकार स्वयम् पहाडी ग्रामीण परिवेशमा जन्मिएर हुर्किएको हुनाले पनि ग्रामीण जनजीवनको चित्रण गरेर लेखकले आफ्नो पदचाप यस कथामा छोड्न खोजेको देखिन्छ ।

यस कथामा ग्रामीण परिवेशको चित्रण प्रचुर मात्रामा भएको देखिन्छ । हिपोलाइट टेनका अनुसार भौगोलिक संरचना तथा प्राकृतिक स्थिति प्रतिकूल हुनाका कारण उत्तरका साहित्यमा दुख, कष्ट, पीडा र भोकमरी पाइन्छ भने दक्षिणको भौगोलिक संरचना अनुकूल हुनाका कारण त्यहाँको साहित्यमा खुसी, शान्ति तथा हर्षोल्लास पाइन्छ भन्ने धारणा भए झैं यस कथामा पनि नेपालको उत्तरी भूभागको कष्टकर जनजीवनको चित्रण गरिएको पाइन्छ । यस कथामा विकट एवम् पहाडी ग्रामीण भूभागमा बसोबास गर्ने गरिब किसानहरूको कष्टकर जीवनलाई निम्नलिखित प्रसङ्गले पुष्टि गर्छ :

> मिर्मिरे उज्यालो भएको थियो । गुमानेलाई खोज्दै आसामरु साहू आइपुग्यो । एकाबिहानै आसामरुलाई देखेर गुमानेले भन्यो, "कति कामलाई उकालो लाग्यौ साहू ?"
>
> "पसलमा बर्खे मालटाल छैन, डुबै डिनलाई सहर जाइडिन्ठिस् कि ?"
>
> "छिमेकमा यो बिजोक भइरहेछ, क्यै काम नपाएर जान्छु भारी खेप्न !"
>
> "रोज रुपियाँ दिन्छ लाता ।"(मैनाली, २०७६, पृ.१५)

माथिको कथांशमा विकट गाउँमा बस्ने किसानहरूको जीवन निकै कष्टकर हुन्छ । उनीहरूले भारी बोकेर, घाँसदाउरा गरेर जीवन निर्वाह गर्न बाध्य हुन्छन् । उकाली ओराली गर्नु पर्ने भएकाले जीवन निकै कष्टकर हुन्छ र जति धेरै परिश्रम गरेपनि त्यसअनुसार उपलब्धी हुँदैन भन्ने कुरा प्रस्तुत गरिएको पाइन्छ । यस प्रसङ्गबाट भौगोलिक संरचना तथा प्राकृतिक स्थिति प्रतिकूल हुनाका कारण यस कथामा वर्णित नेपालको उत्तरी भूभागको जनजीवन कष्टकर रहेको पुष्टि हुन्छ ।

यस कथामा ग्रामीण परिवेशलाई झल्काउने लेक बेँसी गर्ने परम्परा, ज्यामिरे बेँसीको फाँट, असारको महिना, रोपाइँ चलिरहेको अवस्था, सानातिना निहुँमा झगडा गर्ने र तुरुन्तै मिलेर बस्ने परम्परा जस्ता विशेषताहरू प्रस्तुत गरिएका पाइन्छन् । सामाजिक परिवेशका रुपमा शोषण, दमन, अन्याय, अत्याचार, मानवता विरोधी भावना, आर्थिक असमानता, रुढीवादी परम्परा जस्ता कुराहरु आएको पाइन्छ भने राजनैतिक परिवेशमा चाहिँ प्रजातन्त्रको स्थापना भए तापनि नेपाली जनताले पूर्ण रुपमा स्वतन्त्रता प्राप्त गर्न नसकेको र देशमा गरिब जनताका हक र अधिकार कुण्ठित भएको निसास्सिदो परिवेशको चित्रण गरिएको पाइन्छ साथै गाउँमा सरुवा रोगको महामारी फैलिँदा जान्ने बसाएर पूजाआजा गर्ने सांस्कृतिक प्रचलनलाई पनि प्रस्तुत गरिएको पाइन्छ ।

## निष्कर्ष

गुरुप्रसाद मैनालीको छिमेकी कथामा नेपालको ग्रामीण समाजको यथार्थ तस्बिर प्रस्तुत गरिएको छ । यस कथामा ब्राह्मण, भोटे, घर्ती, नेवार जस्ता पात्रहरूको उपस्थितिले प्रजातिको अनुपम नमूना प्रस्तुत भएको देखिन्छ । उनले यस कथामा धर्मानन्द जस्ता खसआर्य प्रजातिका ब्राह्मणलाई पात्रका रुपमा उभ्याएर तिनका स्वभाव, वंशाणुगत गुण तथा भाषिक विशेषता आदिको चित्रण गरेको पाइन्छ भने आसामरु साहू, धनजिते भोटे, गुमाने घर्ती जस्ता मङ्गोल प्रजातिका पात्रहरूको उपस्थिति गराई तिनका स्वभाव, वंशाणुगत गुण एवम् भाषिक विशेषताहरू आदिको चित्रण गरेको पाइन्छ । यस कथामा क्षणका रुपमा असार महिनादेखि भदौका आधाआधीसम्मका घटनाहरूको वर्णन गरिएको छ भने दिउँसोको टन्टलापुर घाम ज्यामिरे बँसीको फाँट, रोपाइँ चलिरहेको अवस्था, चौतारो, कुलो, कुलोमुनि आसामरु साहूको हिउँदे पसल, रमाइलो ठाउँ, साँझ परेपछि, मिर्मिरे उज्यालो जस्ता समय जनाउने पदपदावलीको प्रयोग गरेर एउटा बृहत् प्राकृतिक परिवेशको वर्णन गरिएको पाइन्छ । कथाकारले तत्कालीन युगको प्रधान विचारलाई प्रस्तुत गरेका छन् । तत्कालीन समाजमा छिमेकीलाई धेरै महत्व दिइन्थ्यो र एउटा छिमेकीलाई दुःख पर्दा अर्को छिमेकीले पैसाभन्दा पनि छिमेकीको दायित्व र कर्तव्यलाई भुल्नु हुदैन भन्ने मान्यता राखिन्थ्यो । छिमेकी भनेका सुखदुःखका साथी हुन्, जस्तोसुकै झगडा भए पनि पैसाको पछि लागेर छिमेकीले आफ्नो दायित्वलाई भुल्नु हुदैन भन्ने महान् मानवतावादी विचार प्रस्तुत गरिएको छ । यसमा ग्रामीण परिवेशको चित्रण प्रचुर मात्रामा भएको पाइन्छ । लेक बँसी गर्ने परम्परा, ज्यामिरे बँसीको फाँट, असारको महिना, रोपाइँ चलिरहेको अवस्था, सानातिना निहुँमा झगडा गर्ने र तुरुन्तै मिलेर बस्ने परम्परा जस्ता विशेषताहरू प्रस्तुत गरिएका पाइन्छन् । साथै यस कथामा पर्यावरणका रुपमा जातीय विविधतायुक्त सामाजिक परिवेश रहेको छ भने नेपालमा राणा शासनको अन्त्य भई प्रजातन्त्रको उदय भए तापनि समाजमा सम्पन्न वर्गले विपन्न वर्गमाथि गर्ने अमानवीय व्यवहार तथा अन्याय र शोषण कायमै रहेको राजनैतिक परिस्थितिको चित्रण गरिएको पाइन्छ ।

## सन्दर्भ सामग्रीसूची

क्षेत्री, उदय (२०६४). समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका उपन्यासहरू. विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. ।

जैन, निर्मला (सन् १९९२). साहित्यका समाजशास्त्रीय चिन्तन. दिल्ली : दिल्ली विश्वविद्यालय ।

पाण्डेय, ताराकान्त (२०७३). मार्क्सवाद सास्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र. काठमाडौँ : साझा प्रकाशन ।

ढकाल, रजनी (२०७९). उत्तरवर्ती नेपाली निबन्धको समाजशास्त्रीय पठन. (सम्पा.राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम). रत्न बृहत् नेपाली समालोचना (सिद्धान्त र सिद्धान्तनिष्ठ प्रायोगिक खण्ड) काठमाडौं : रत्न पुस्तक भण्डार ।

पाण्डेय, मैनेजर (सन् २००६). साहित्यके समाजशास्त्र की भूमिका. चण्डीगढ : हरियाणा साहित्य अकादमी ।

मैनाली, गुरुप्रसाद (२०७६).नासो. काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६७). पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त (तेस्रो संस्क.). काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, चन्द्रमान (२०७१). पारिजातका उपन्यासको समाजशास्त्र. विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. ।